*“स्वच्छ, शान्त, समृद्धः पर्यटकीय नगर बुढानीलकण्ठ”*

## बुढानीलकण्ठ नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

# विनियोजन ऐन, २०७९

हात्तिगौँडा, काठमाडौं
बागमती प्रदेश, नेपाल

# बुढानीलकण्ठ नगरपालिकाको विनियोजन ऐन

**बुढानीलकण्ठ नगरपालिकाको आर्थिक वर्ष २०७९/२०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन।**

सभाबाट स्वीकृत मितिः २०७९।०३।२५

**प्रस्तावनाः बुढानीलकण्ठ नगरपालिकाको** आर्थिक वर्ष २०७९।२०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बुढानीलकण्ठ नगरपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७९।०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**ः (१)आर्थिक वर्ष २०७९।०८० को नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३,२५,००,००,०००।- (अक्षरेपी तिन अर्व पंचीस करोड छ्यानब्बे मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९।०८० को निमित्त. रु ३,२५,००,००,०००।- (अक्षरेपी तिन अर्व पंचीस करोड छ्यानब्बे मात्र) नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले वचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

**अनुसूचि-१**

**(दफा २ संग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

## सञ्चित कोषबाट विनियोजन हुने रकम (रु.)

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| २ | | नगरपालिका | ६९,४३,९२,००० | ९२,४०,००,००० | | १,६१,८३,९२,००० |
| ३ | | वडा समिति | ६,८३,००,००० | ३४,१२,००,००० | | ४०,९५,००,००० |
| ४ | | केन्द्रिय सरकार सर्शत | ३५,६५,००,००० | | | ३५,६५,००,००० |
| ५ | | प्रदेश सरकार सर्शत | २,०७,८१,००० | | | २,०७,८१,००० |
| ६ | | प्रदेश सरकार समपुरक | | २,९९,३५,००० | | २,९९,३५,००० |
| ७ | | विशेष अनुदान प्रदेश सरकार | | ७५,००,००० | | ७५,००,००० |
| ८ | | केन्द्र सरकार बिशेष अनुदान | | २,००,००,००० | | २,००,००,००० |
| ९ | | गत आ.व.को भुक्तानी बाँकी | | ७८,७३,९२,००० | | ७८,७३,९२,००० |
| | जम्मा | | ११,३९,९७,३००० | २,११,००,२७,००० | | ३,२५,००,००,००० |